नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९   अंक २१२   २०७७ साल असार १ गते सोमबार (15 June 2020 Monday)   मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : दश अर्ब कम बजेट ल्याउँदै ... ३ पृष्ठमा : कृषि उत्पादन बढाउन ... ३ पृष्ठमा : भारतमा एकै दिनमा डण्डै १२ ...

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको वाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा बिक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# आजदेखी दुई शिफ्टमा कार्यालय संचालन

**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ ।**

महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण विगत तीन महिनादेखी बन्द जस्तै रहेको सरकारी कार्यालयहरु असार १ गते सोमबारदेखी दुई शिफ्टमा संचालन हुने भएको छ ।

सरकारले कोरोना भाइरसको संक्रमणबाट बच्न गत चैत ११ गतेदेखी गरेको लकडाउनका कारण दैनिक जिवन निकै कष्ठकर बन्दै गएको अवस्थामा अतिआवश्यक कामसमेत प्रभावित बनेको छ ।

सोही बाध्यतालाई मध्यनजर गर्दै सरकारले असार १ गतेदेखी दैनिक रुपमा कार्यालयहरुलाई दुई शिफ्ट बिहान ८ बजेदेखी दिउँसो १ बजेसम्म र दिउँसो १ बजेदेखी साँझ ६ बजेसम्म संचालन गर्न अनुमति दिएको हो ।

यसैबीच जिल्ला प्रशासन कार्यालय सप्तरीले सोही विषयमा जानकारी दिने उद्देश्यले दुई शिफ्टमा हुने कार्य सम्बन्धी आइतबार सूचना प्रकाशित गरि जानकारी दिएको छ । जसमा पहिलो शिफ्टमा नयाँ नागरिकता, अभिलेख, राहदानी र दोश्रो शिफ्टमा नागरिकता प्रतिलिपि, अभिलेख, मुद्दा (ठाडो उजुरीसमेत) लेखा र प्रशासन (सवारी पाससमेत) शाखाको कार्य संचालन हुने सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेद्वारा जारि सूचनामा उल्लेख छ ।


यस्तै कार्यालयमा भिडभाड हुन नदिन सेवाग्राहीसँग आग्रह गर्दै आवश्यक परे कोटा प्रणाली वा टोकन प्रणाली लागु गर्न सकिने जनाइएको छ ।

# अस्पतालका मेसु डा. दासको बिदाई

**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका मेडिकल सुपिरिटेन्डेन्ट डा. चुमनलाल दासलाई आईतबार एक कार्यक्रम विच बिदाई गरिएको छ । उनको कोशी अञ्चल अस्पताल विराटनगर सरुवा भएको हो ।

दुई वर्षे कार्यकालमा अस्तव्यस्त र रेफरल सेन्टरको रुपमा रहेको गजेन्द्र नारायण सिंह अस्पताललाई व्यवस्थित र सेवा सुधारमा उल्लेखिनय योगदान गरेको भन्दै विदाई कार्यक्रमका सहभागीले आगामी कार्यकालका लागि सफलताको शुभकामना दिए ।




सो अवसरमा डा. दासले सप्तरीबाटै पेशाको सुरुवात गरेको स्मरण सुनाउँदै २ वर्षको अवधिमा सवै क्षेत्रबाट पाएको सहयोग र सद्भाव आफ्नो लागि अविश्मरणिय रहने बताए ।

विदाई कार्यक्रममा पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झा, जिल्ला उपाध्यक्ष श्यामसुन्दर यादव, बरिष्ट पत्रकार शिवहरि भट्टराई लगायतले आगामी कार्यकाल सफलताका लागि शुभकामना दिए ।

डा. दासको सरुवा भएपछि उनको स्थानमा सोही अस्पतालका बरिष्ठ कन्सलटेन्ट फिजिसियन डा. रंजित झालाई उक्त जिम्मेवारी दिईने भएको अस्पताल श्रोतले जनाएको छ ।

# सप्तरीमा १० जना संक्रमित थपिएसँगै कोरोना संक्रमितको संख्या १ सय ४८ पुग्यो

**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ ।**

सप्तरीमा आइतबार १० जना कोरोना संक्रमित भेटिएका छन् । यो सँगै सप्तरीमा कोरोनाबाट संक्रमित हुनेको संख्या १ सय ४८ पुगेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका अनुसार आइतबार जिल्लाको बोदेबसाईन नगरपालिकामा एक महिलासहित ८ र खड्क नगरपालिकाबाट २ जना संक्रमित फेला परेका हुन् ।

कोरोनाबाट जिल्लामा २१ जना निको समेत भएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिदै कोरोना संक्रमित सबैको राजविराजस्थित साईकृष्णा अस्पतालको आइसोलेशन केन्द्रमा उपचार भइरहेको उनले बताए ।

जिल्लामा हालसम्म भेटिएका १ सय ४८ संक्रमित मध्ये हालसम्म २१ जना डिस्चार्ज भएपछि अब १ सय २७ जना संक्रमित आइसोलेशनमा रहेका छन् ।

यता आइतबार साँझसम्म नेपालमा कोरोना संक्रमितको संख्या ५ हजार ७ सय ६० पुगेको छ भने निको हुनेको संख्या ९ सय ७४ रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# प्रधानमन्त्रीलाई इम्युनिटि बढाउन अदुवा, लहसुन र बेसार उपहार



**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ ।**

राष्ट्रभक्त आम नेपाली जनताको तर्फबाट महिलाहरुको एक समूहले जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई इम्युनिटि बढाउन अदुवा, लहसुन र बेसार उपहार पठाएका छन् ।

पुरै विश्वसहित नेपाल पनि कोरोना महामारीका कारण प्रभावित भइरहेको बेला सो रोगबाट बच्न प्रधानमन्त्री ओलीले जनतालाई इम्युनिटि बढाउन अदुवा, लहसुन र बेसार खान प्रेरित गरेको भन्दै उनलाई उपहार पठाइएको महिला नेतृ सुनिता साहले बताइन् ।

ती बस्तुले इम्युनिटि पावर बढ्ने हो भन्दै प्रधानमन्त्रीको इम्युनिटि बढाउन उपहार स्वरुप ती बस्तुहरु पठाइएको उनले बताइन ।

**नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

ipay remit · WESTERN UNION MONEY TRANSFER · Best Remit Quick & Easy · PRABHU Money Transfer प्रभुको इच्छा · CITY EXPRESS MONEY TRANSFER · IME International Money Express · IME pay wallet · himal remit हिमालरेमिट · CG Money · MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### संकटको घडीमा सरकार र जनताबीच हातेमालो आवश्यक

हाल नेपालसहित विश्व नै महामारीको रुप लिएको कोरोनाको संक्रमणबाट त्रसित रहेको छ । विगत तीन महिनादेखी फैलिएको यो महामारीका कारण सम्पूर्ण विश्वको अर्थतन्त्र नै धरापमा परेको छ । यता नेपालमा यस महामारीका कारण जनता त्राहिमाम हुनुका साथै बेरोजगारीको समस्याले समेत जडो गाड्दै गएको छ । यस्तो अवस्थामा नेपाली जनताले दुई छाक टार्न सरकारले गरेको लकडाउनको समेत उलंघन गर्दै जसोतसो चुलो बाल्ने उपायहरु निकाल्न थालेका छन् ।

यसरी विगत तीन महिनाको लकडाउनका कारण सरकारको ढुकुटी समेत कमजोर बनेको छ भने जनता ऋणको मारमा पिरोलिएका छन् । यस्तो बेलामा सरकारले विभिन्न राहतका प्याकेजहरु सृजना गरेर जनतालाई रोजगारीको अवसरका लागि प्रेरित गरि बेरोजगारी हुनबाट रोक्नु पर्नेहुन्छ तर, सरकारले सो कार्य नगरेर उल्टै बैंकको ब्याज तथा सरकारलाई तिर्नु पर्ने सम्पूर्ण कर समयअवधी तोकेर ताकेता गर्न थालेको छ । फलस्वरुप जनता कोरोना र सरकार दुबैको मारमा परेको अवस्था छ ।

जनताले तिर्दै आएको विभिन्न प्रकारको राजश्व र कर सरकारको यस्तै अवस्थामा काम लाग्ने हो । र जनतालाई पनि यस्तै आर्थिक संकट हुने बेलामा सरकारले सहयोग गर्ने बेला हो । तर, सरकारको उल्टो रबैयाका कारण जनता आर्थिक मारमा परेका छन् । तसर्थ सरकारले जनताको हितका लागि केही गर्ने बेला नै यही हो । यसका लागि सरकार र जनता हातोमाले गरेर यस संकटको बेलामा सँगै हिड्नु अहिलेको माँग हो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दश अर्ब कम बजेट ल्याउँदै प्रदेश नं २ सरकार

धनुषा, ३२ जेठ (रासस) ।

प्रदेश नं २ सरकारले चालू आर्थिक वर्षभन्दा झण्डै १० अर्ब कम बजेट ल्याउने तयारी गरेको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७७/७८ का लागि करिब रु २९ अर्बको बजेट ल्याउने भएको छ ।

गत आर्थिक वर्ष २०७६/०७७ मा सरकारले रु ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजारको बजेट ल्याएको थियो । जसमा चालूतर्फ रु १९ अर्ब ११ करोड ९७ लाख ३८ हजार र पूँजीगततर्फ १९ अर्ब २६ करोड ५४ लाख ६४ हजार छुट्याइएको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव प्रेमकुमार श्रेष्ठले असार १ गते आगामी आर्थिक वर्षका लागि आउने बजेटमा स्वास्थ्य, शिक्षा, रोजगारी र कृषि क्षेत्रलाई प्राथमिकतामा राखिएको र बजेट तर्जुमा गर्ने काम अन्तिम चरणमा रहेको जानकारी दिनुभयो ।

सङ्घीय सरकारकोतर्फबाट समानीकरणतर्फ रु सात अर्ब दुई करोड, सशर्ततर्फ रु पाँच अर्ब ९४ करोड ३१ लाख, विशेष अनुदान रु ४१ करोड ५० लाख गरी रु १३ अर्ब ४० करोड ५९ लाख अनुदान प्राप्त हुने बताइएको छ । सरकारले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राख्दै यसका लागि कूल बजेटको १० प्रतिशत रकम विनियोजन गर्न लागिएको सचिव श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले घरजग्गा रजिष्ट्रेसन, सवारी साधन कर, मनोरञ्जन कर लगायतबाट चालू आर्थिक वर्षको अहिलेसम्म रु ११ अर्ब असुल भइसकेको बताउनुभयो । चालू आर्थिक वर्षको पूँजीगत बजेटमा अहिलेसम्म करिब पाँचदेखि सात प्रतिशत बजेट मात्र खर्च भएको छ भने अब आएर केही विकास निर्माणका काम शुरु भएकाले पूँजीगततर्फ १५ देखि अधिकतम २० प्रतिशतसम्म बजेट खर्च हुने अनुमान गरिएको छ ।

त्यसैगरी नीति आयोगका उपाध्यक्ष डा भोगेन्द्र झाले सङ्घीय सरकारले रु पौने चार अर्ब अनुदान कम गरिदिएको र प्रदेश सरकारको आम्दानीको स्रोतसमेत कम भएकाले स्थानीय स्रोत पनि रु दुई अर्बसम्म कटौती हुने भएकाले अधिकतम रु ३२ अर्बसम्मको मात्र बजेट घोषणा हुने सम्भावना रहेको बताउनुभयो ।

# 'भूमि फिर्ता ल्याउने राष्ट्रिय संकल्प'

काठमाडौँ, ३२ जेठ (रासस) ।

राष्ट्रियसभाको बैठकमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङ्फेले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ माथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

बैठकमा सो प्रस्ताव माथिको सैद्धान्तिक छलफल जारी रहेको छ । आइतबारको बैठकमा भाग लिँदै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) डा बेदुराम भुसालले प्रस्तावको समर्थन गर्दै एकताबद्ध भएर विधेयक पारित गरी भूमि फिर्ता गर्न सिङ्गो देश एक भइ लाग्नुपर्ने बताउनुभयो ।

नेपाली काँग्रेसका अनिता देवकोटाले लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको नक्सामा समावेश भइसकेको हुँदा अब एकताबद्ध भएर भूमि फिर्ता ल्याउनुपर्छ भन्नुभयो । उहाँले सो प्रस्तावको समर्थन गर्नुभयो ।

नेकपाका देवेन्द्र दाहालले देशको सार्वभौमसत्ता रक्षाका लागि राष्ट्रिय एकता शनिबारको प्रतिनिधिसभाको बैठकबाट देखिएको बताउनुभयो । सोही पार्टीका ठगेन्द्रप्रकाश पुरीले नेपालको अतिक्रमित भूमि फिर्ता ल्याउन वर्तमान सरकारले चालेको कदमको स्वागत गर्दै अब गुमेको भूमि कूटनीतिक वार्तामार्फत फिर्ता ल्याउनुपर्ने धारणा राख्नुभयो ।

नेपाली काँग्रेसका जीतेन्द्रनारायण देवले नेपालको सम्पूर्ण भूभागको नक्सा सार्वजनिक भएर सरकारले ल्याएको विधेयकको स्वागत गर्दै भूमि फिर्ता ल्याउनका लागि सबै लाग्न आग्रह गर्नुभयो । नेकपाका दीलकुमारी रावलले नेपालको भूमिमाथि बेलाबेलामा अतिक्रमण गर्ने गरेको हुँदा अबको नक्साअनुसार भूमि फिर्ता ल्याउन एकजुट भइ अगाडि बढ्नुपर्छ भन्नुभयो ।

सोही पार्टीका सांसद कोमल वलीले नेपालको राष्ट्रिय एकताका सन्दर्भमा गरिब भएर बाँच्लान् तर आफ्नो भूमि गुमेको देख्न सक्दैनन् र गुमेको भूमि एकताबद्ध भएर लिनेछन् भन्ने राष्ट्रिय सङ्कल्प देखिएको बताउनुभयो । सोही पार्टीकाका जगप्रसाद शर्मा र भैरवसुन्दर श्रेष्ठले नेपालको भूमि फिर्ता हुने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय जनता पार्टीका मृगेन्द्रकुमार सिंह यादवले नक्सा पाउनु महत्वपूर्ण उपलब्धि भएको र भूमिको भोग गर्न पनि छिट्टै पाउनुपर्नेमा जोड दिनुभयो ।

नेकपाका रामनारायण बिडारीले एउटा नेपाली नागरिकले गर्नुपर्ने भूमिका अहिले आएको उल्लेख गर्दै भक्ति थापा तथा अमरसिंह थापाले जोगाएको भूमिलाई फिर्ता ल्याउनैपर्छ भन्नुभयो । प्रस्ताव माथिको छलफल जारी छ ।

# दुर्घटनामा गाउँपालिका अध्यक्षको मृत्यु

परासी, ३२ जेठ (रासस) ।

नवलपरासी(बर्दघाट-सुस्ता पश्चिम) मा आइतबार भएको सवारी दुर्घटनामा प्रतापपुर गाउँपालिकाका अध्यक्ष राजकुमार शर्माको मृत्यु भएको छ ।

गाउँपालिकाबाट सदरमुकाम परासीतर्फ आउँदै गरेको गाउँपालिकाकै लु १ झ ३७० नम्बरको स्कार्पियो पूर्वपश्चिम राजमार्गअन्तर्गत बर्दघाट नगरपालिका-४ लक्ष्मीनगरस्थित कल्भर्टमा ठोक्किएर पुलको तल खसेको थियो ।

दुर्घटनामा परी गम्भीर घाइते गाउँपालिका अध्यक्ष ५२ वर्षीय शर्माको बर्दघाटस्थित चिसापानी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक राजु लामाले जानकारी दिनुभयो ।

सोही गाडीमा सवार प्रतापपुर-५ का हरिलाल राजभर घाइते छन् । तीव्र गतिका कारण दुर्घटना भएको प्रहरीले जनाएको छ ।

यसैबीच संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले प्रतापपुर गाउँपालिकाका अध्यक्ष शर्माको असामयिक निधनप्रति दुःख व्यक्त गर्नुभएको छ ।

मन्त्री त्रिपाठीले आइतबारै शोक वक्तव्य जारी गर्दै शर्माको आत्माको शान्तिको कामनासहित श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ ।

शोक वक्तव्यमा गाउँपालिकामा शर्माले पुर्‍याएको योगदान र उहाँले निर्वाह गरको समन्वयकारी भूमिकाको प्रशंसा गरिएको छ ।

जिसस र स्थानीय तह सोमबार बन्द

शर्माको निधनमा शोक व्यक्त गर्न जिल्ला समन्वय समिति र सातै स्थानीय तह सोमबार एक दिन बन्द गर्ने निर्णय गरिएको जिल्ला समन्वय समितिका संयोजक शिवशंकर रायले जानकारी दिनुभयो ।

परासीस्थित विपद् व्यवस्थापन समितिको बैठकमा सहभागी हुन आउने क्रममा आफैंले चलाएको स्कार्पियो कार बर्दघाट-४ मा दुर्घटना हुँदा शर्माको निधन भएको हो ।

# उपत्यका प्रवेश गर्न स्थानीय तहको अनुमति अनिवार्य

काठमाडौँ, ३२ जेठ (रासस) ।

कोभिड-१९ सङ्क्रमण जोखिम रोक्न काठमाडौँ प्रवेशका लागि आफू बसोबास गर्ने स्थानीय तहको अनुमति अनिवार्य गरिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौँका अनुसार काठमाडौँ आउने व्यक्तिले त्यसरी स्थानीय तहको अनुमति लिएर आफू रहेको प्रशासन कार्यालयमा निवेदन दिनुपर्ने छ । उक्त अनुमति प्राप्तसहित निवेदन परेपछि सो विवरण सम्बन्धित जिल्ला प्रशासन कार्यालयले काठमाडौँ प्रशासनमा पठाउनु पर्नेछ ।

उक्त निवेदनमाथि काठमाडौँ प्रशासनले सङ्क्रमणको जोखिम विश्लेषण र यात्रा औचित्यलाई पुष्टि हुने कागजातको समेत विचार गरी सवारी पास जारी गर्न सहमति प्रदान गरेपछि मात्रै सम्बन्धित कार्यालयले पास उपलब्ध गराउने छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले आइतबार एक सूचना जारी गरी जेठ २८ को मन्त्रिपरिषद्को निर्णय तथा गृह मन्त्रालयको जेठ ३० को निर्देशनबमोजिम उक्त व्यवस्था गरिएको जनाएको छ ।

काठमाडौँबाट बाहिर जानका लागि व्यक्तिगत अत्यावश्यक कार्यका लागि भए प्रयोजन खुल्ने कागजातसहित जिल्ला प्रशासन कार्यालय काठमाडौँमा निवेदन दिनुपर्नेछ । सरकारी तथा संस्थागत कामका लागि भए सम्बन्धित कार्यालयको सिफारिस पत्रसहित निवेदन दिनुपर्ने सूचनामा जनाइएको छ ।

काठमाडौँ जिल्लाभित्र जोर-बिजोर प्रणाली लागू भएकाले सवारी पास भने हाललाई बन्द गरिएको छ ।

# विश्वभर संक्रमितको संख्या ७९ लाख पुग्यो, मृतकको संख्या ४ लाख ३२ हजार

वासिङ्टन, ३२ जेठ (रासस-एएफपी) ।

महामारीका रुपमा विश्वभर फैलिएको कोरोनाभाइरसका कारण विश्वभर ७८ लाख ८५ हजारभन्दा बढी व्यक्ति संक्रमित भएका छन् भने चार लाख ३२ हजारभन्दा बढीको मृत्यु भएको छ ।

जोन्स हफ्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार आइतबार मध्याह्नसम्ममा विश्वभर २४ घण्टाको अवधिमा एक लाख

बाँकी तीन पृष्ठमा

# कृषि उत्पादन बढाउन सिँचाइलाई प्राथमिकता

काठमाडौँ, ३२ जेठ (रासस)।

कोरोनाबाट मुलुकको अर्थतन्त्रमा परेको प्रभावलाई न्यून गर्दै कृषि उत्पादनलाई बढावा दिने लक्ष्यका साथ सरकारले सिँचाइलाई प्रमुख प्राथमिकतामा राखेर बजेटमात्रै विनियोजन गरेको छैन, सोहीअनुरुपका कार्यक्रमसमेत तय गरेको छ।

मुलुकमा उपलब्ध जलस्रोतको विकास, व्यवस्थापन तथा उपयोगका लागि तीनै तहका सरकार तथा उपयोगकर्तालाई साथमा लिएर योजनाबद्धरूपमा संरक्षण, विकास, व्यवस्थापन गर्ने र त्यसबाट कृषि उत्पादन बढाउने लक्ष्य राखिएको छ। सरकारले आगामी आवको बजेटमा कृषि र सिँचाइलाई एकापसमा जोडेर एकीकृत कार्ययोजनाका साथ काम गर्ने दिगो लक्ष्यसमेत तय गरेको छ।

बहुआयामिक उपयोगका लागि नीतिगत व्यवस्थाका साथै आगामी आवमा प्रमुख तथा ठूला नदीको नदी बेसिन योजना बनाउने कामलाई समेत सम्पन्न गर्ने भएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री वर्षमान पुनका अनुसार सिञ्चित कृषि क्षेत्रको अभिवृद्धिका लागि राष्ट्रिय गौरवका सिक्टा, रानी जमरा कुलरिया, भेरी-बबई डाइभर्सन र बबई सिँचाइ आयोजनाको निर्माण कार्यलाई शीघ्र सम्पन्न गर्ने गरी ठोस कार्यक्रम तय भएका छन्। ती आयोजनाको निर्माण शुरु भए पनि लामो समयसम्म गति लिन नसक्दा लाभग्राहीमा एक प्रकारको निराशा पैदा भएको थियो।

यस्तै ती आयोजना सम्पन्न भएका क्षेत्रमा पानीसमेत थप सञ्चालन गर्ने र बाह्रैमास खेती गर्न सकिने गरी व्यवस्थापन गरिने भएको छ। मन्त्रालयले महाकाली सिँचाइ आयोजना (तेस्रो चरण) लाईसमेत राष्ट्रिय गौरवको आयोजनाका रूपमा गति दिई अगाडि बढाउने भएको छ।

पहाडी तथा हिमाली क्षेत्रका सिँचाइ सुविधा नपुगेका नदी छेउछाउका सबै कृषियोग्य टारमा सौर्य ऊर्जाको समेत उपयोग गरी सिँचाइ सेवा उपलब्ध गराइ कृषिमा स्वरोजगार सिर्जना गर्न सहयोग पुऱ्याउने सम्भाव्य सबै योजनाको पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ।

सम्भाव्यताका आधारमा लिफ्ट सिँचाइ योजनाको कार्यान्वयन गर्दै जाने ध्येयका साथ आगामी आवमा थप करिब ५०० हेक्टरमा सिँचाइ सुविधा पुगी सीमान्तकृत समुदाय लाभान्वित हुने सरकारको विश्वास रहेको छ।

**तराई मधेशमा ठूला टचुबवेल**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार तराई मधेशका कृषियोग्य क्षेत्रमा रोजगारोन्मुख कृषि व्यवसायका लागि तत्काल सिँचाइ सेवा उपलब्ध गराउने लक्ष्यका साथ समृद्ध तराई मधेश विशेष कार्यक्रम अगाडि बढाइनेछ। तराई मधेशका सबै जिल्ला तथा पालिकाका सम्भाव्य र अन्य सिँचाइको विकल्प नभएका स्थानमा प्राथमिकताका आधारमा ठूला टचुबवेल जडान गरिनेछन्। मन्त्रालयको योजनाअनुसार करिब ५००० थान स्यालो र २४७ वटा डिप टचुबवेल निर्माण गरी करिब २२ हजार हेक्टरमा सिँचाइ सेवाको थप विस्तार गर्ने कार्यक्रम रहेको छ।

यस्तै प्रदेश नं २ लाई नै केन्द्रमा राखेर भरपर्दो सिँचाइका लागि रूपान्तरणकारी आयोजनाका रूपमा रहेको सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको सम्पूर्ण तयारीका कार्य पूरा भइसकेको र आगामी आवमा सुरुङ निर्माणको काम शुरु गर्ने मन्त्रालयको योजना छ। सो आयोजनाबाट तराईका एक लाख २२ हजार हेक्टरमा सिँचाइ सुविधा पुग्नेछ। त्यसैगरी मन्त्रालयले तमोर-चिसाङ, कालीगण्डकी-तिनाउ, माडी-दाङ, सुनकोशी-कमला डाइभर्सन जस्ता बहुउद्देश्यीय आयोजनाको समेत अध्ययन सम्पन्न गरी सम्भाव्यता तथा प्राथमिकताका आधारमा कार्यान्वयन प्रक्रियालाई अघि बढाइने कार्यक्रम तय गरेको छ।

सुनसरी-मोरङ, कोशी पम्प तथा वितरण, चन्द्र नहर, वाग्मती, नारायणी, नारायणी लिफ्ट, महाकालीलगायतका ठूला सिँचाइ प्रणालीलाई पूर्ण क्षमतामा सञ्चालन गरी करिब तीन लाख हेक्टर सिञ्चित क्षेत्रमा भरपर्दोरूपमा सिँचाइ सेवा उपलब्ध गराउने, कृषि उत्पादकत्व र रोजगारीमा थप वृद्धि गर्न मर्मत सुधार तथा पुनःस्थापनासमेत गरिने भएको छ।

महाकाली, कर्णाली, बबई, राप्ती, वाणगङ्गा, नारायणी, वाग्मती, कमला, त्रियुगा तथा कोशी जस्ता ठूला नदी र तराई मधेश तथा पहाडका अन्य जोखिमयुक्त खोला तथा पहिरोको प्रभावकारी नियन्त्रण तथा व्यवस्थापनका लागि मात्रै आगामी आवमा रु ६ अर्बबराबरको बजेट विनियोजन गरिएको छ।

महाकालीको दार्चुला (गोकुलेश्वर), रौतहट, सिराहा, अरुण (किमाथान्का) लगायतका कटान तथा डबानबाट संवेदनशील स्थान तथा टार बजारको संरक्षणका कार्य प्राथमिकताका साथ काम गर्ने मन्त्रालयको योजना रहेको मन्त्री पुनको भनाइ छ।

तराई मधेश तथा पहाडका अन्य खोला नालाका जोखिमयुक्त स्थानको पहिचान गरी स्थानीय सामग्री, श्रम र प्रविधिसमेतको उपयोग गरी कार्यान्वयन गरिनेछ।

तराई मधेशका सीमाक्षेत्रमा हुने कटान डुबानलाई दिगोरूपमा न्यूनीकरण गर्न नेपाल र भारतका द्विपक्षीय संयन्त्रलाई थप प्रभावकारी बनाइनाका साथै समस्याग्रस्त स्थलको नियमितरूपमा संयुक्त अनुगमन र निरीक्षण गरी समस्या समाधानका उपायसमेत खोजी गरी कार्यान्वयनमा ल्याउने मन्त्रालयको प्राथमिक कार्यक्रम रहेको मन्त्री पुनले जानकारी दिनुभयो।

# कोरोनाबाट विदेशमा नेपालीको मृत्यु क्रम रोकियो

काठमाडौँ, ३२ जेठ (रासस)।

कोरोना भाइरसको संक्रमणले विदेशमा नेपालीको मृत्यु हुने क्रम रोकिएको छ। गैरआवासीय नेपाली संघ (एनआरएनए) का अनुसार आठ सातालगातार विभिन्न देशमा नेपालीले ज्यान गुमाए पनि यस साता भने कोरोना भाइरसको संक्रमणले निधन भएन।

एनआरएन, स्वास्थ्य समितिका अनुसार विश्वका विभिन्न देशमा कोरोना संक्रमण दरमा शनिबार साँझसम्म उल्लेख्य कमी आएको छ। डेनमार्क, नेदरल्याण्ड्स, अष्ट्रेलिया, जापान, म्यानमा, पोल्याण्ड, रुस, न्युजिल्याण्ड, क्यानडा, फिनल्याण्ड, आयरल्याण्ड, जर्मनी, स्वीडेन, फ्रान्स, बेल्जियमलगायत १५ देशमा बस्ने करीब नौ हजार नेपाली कोरोना संक्रमणबाट मुक्त भएका छन्।

समितिले संकलन गरेको तथ्यांकानुसार विदेशमा रहेका १७ हजार ७९२ नेपाली कोरोना भाइरसबाट संक्रमिक भएका छन्। समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार सो साता पहिलो पटक अफ्रिकी मुलुकमा रहेका तीन नेपालीमा कोरोना भाइरसको संक्रमण भेटियो। संघका अनुसार कोरोना संक्रमणले हालसम्म १२७ विदेशमा तथा नेपालमा १८ जना नेपालीको निधन भएको छ।

सापकोटाका अनुसार नेपालका पाँच हजार ३३५ सहित ३५ देशमा २३ हजार १२७ नेपालीमा कोरोना भाइरसको संक्रमण देखिएको छ। कोरोना भाइरसका कारण बेलायत, संयुक्त अरब इमिरेट्स, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्ड्स, स्वीडेनलगायत १३ देशमा रहेका नेपालीको ज्यान गएको थियो।

# कोरोनाभाइरसबाट सर्वाधिक असर परेका मुलुकहरु

| क.सं. | देशहरु | कूल संक्रमित | निको भएका | कूल मृत्यु |
|---|---|---|---|---|
| | विश्वभर | ७८,८५,००० | ४०,४९,७६८ | ४,३२,६३८ |
| १. | संयुक्तराज्य अमेरिका | २१,४२,२२४ | ८,५४,१०६ | १,१७,५२७ |
| २. | ब्राजिल | ८,५०,७९६ | ४,३७,५१२ | ४२,७९१ |
| ३. | बेलायत | २,९४,३७५ | - | ४१,६६२ |
| ४. | इटाली | २,३६,६५१ | १,७४,८६५ | ३४,३०१ |
| ५. | फ्रान्स | १,५६,८१३ | ७२,८०८ | २९,३९८ |
| ६. | स्पेन | २,९०,६८५ | - | २७,१३६ |
| ७. | मेक्सिको | १,४२,६९० | १,०४,९७५ | १६,८७२ |
| ८. | बेल्जियम | ५९,९१८ | १६,५४७ | ९,६५० |
| ९. | भारत | ३,२१,९६३ | १,६२,४३९ | ९,२०४ |
| १०. | जर्मनी | १,८७,४२३ | १,७२,२०० | ८,८६७ |
| ११. | इरान | १,८४,९५५ | १,४६,७४८ | ८,७३० |
| १२. | क्यानाडा | ९८,४१० | ५९,३५४ | ८,१०७ |
| १३. | रसिया | ५,२८,९६४ | २,८०,०५० | ६,९४८ |

***विश्वभर ...***

३२ हजार नयाँ संक्रमित भेटिएका छन्। विगत २४ घण्टामा विश्वभर ४ हजार २२९ जनाको ज्यान गएको छ।

## विश्व समाचार

# भारतमा एकै दिन झण्डै १२ हजार कोरोना संक्रमित, नौ हजारभन्दा बढीको मृत्यु

नयाँदिल्ली, ३२ जेठ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसको महामारीबाट सङ्क्रमितहरुको संख्या हरेक दिन बढ्दै गइरहेको छ। दैनिक सङ्क्रमितको संख्या अघिल्लो दिनभन्दा पछिल्लो दिन बढी देखिएको स्वास्थ्य अधिकारीहरुले जानकारी दिएका छन्। पछिल्लो २४ घण्टाको अवधिमा भारतमा ११ हजार ९२९ जना सङ्क्रमित भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

यो तथ्यांक पनि दैनिक सङ्क्रमितहरुको संख्यामध्ये अहिलेसम्मकै सबैभन्दा धेरै भएको मन्त्रालयका अधिकारीहरुको भनाई छ। भारतमा अहिलेसम्म कुल सङ्क्रमितको संख्या तीन लाख २० हजार ९२२ पुगेको छ। त्यसैगरी पछिल्लो २४ घण्टामा ३११ जनाको कोरोनाभाइरसबाट सङ्क्रमित भएकै कारण मृत्यु भएको मन्त्रालयले जनाएको छ। योसँगै भारतका कोरोनाका कारण मृत्यु भएकाहरुको कुल संख्या नौ हजार १९५ पुगेको छ।

देशभरी कुल सङ्क्रमितमध्ये एक लाख ४९ हजार ३४८ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेका छन् भने अरु एक लाख ६२ हजार ३७९ जना सङ्क्रमण मुक्त भएका छन्। सबैभन्दा धेरै सङ्क्रमित रहेको महाराष्ट्र प्रदेशमा मात्रै एक लाख चार हजार ५६८ जना सङ्क्रमित भएका छन्। त्यसैगरी दोस्रो धेरै सङ्क्रमित रहेको तमिलनाडु प्रदेशमा ४२ हजार ६८७ जना र तेस्रो धेरै सङ्क्रमित रहेको दिल्ली प्रदेशमा ३८ हजार ९५८ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ।

# पाकिस्तानका पूर्वक्रिकेट कप्तान शाहिद अफ्रिदीलाई कोभिड-१९ सङ्क्रमण

कराँची, ३२ जेठ, (रासस/एएफपी)।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ बाट पाकिस्तानका प्रसिद्ध पूर्वक्रिकेट कप्तान शाहिद अफ्रिदी सङ्क्रमित भएको शनिबार उहाँले बताउनुभएको छ। क्रिकेट खेलमा छक्का र विशिष्ट बलिङसमेतका लागि विश्वचर्चित ४५-वर्षीय अलराउन्डर क्रिकेटर अफ्रिदीले शनिबार ट्वीटरमार्फत् आफुलाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको जानकारी गराउनुभएको छ।

उहाँले भन्नुभयो, “म गत बिहीबारदेखि अस्वस्थ बनेको छु। मेरो शरिरमा असह्य पीडा भएपछि स्वास्थ्य परीक्षण भएको छ। दुःखको कुरा मलाई कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ।” उहाँले भन्नुभयो, “सबैको प्रार्थना मेरो स्वास्थ्य सुधारका लागि भगवानको आशिर्वाद बन्नेछ।” सन् १९९६ देखि २०१८ सम्म राम्रो लय प्रदर्शन गर्दै पाकिस्तानका लागि विभिन्न खेलमा इतिहास रच्च सफल उहाँका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रेकर्ड अझै पनि कायम रहेका छन्।

अफ्रिदीले कोरोना भाइरसबाट प्रभावित पाकिस्तानी नागरिकका लागि वस्तीवस्तीमा पुगी सहयोग गर्दै आउनुभएको थियो। गतहप्ता उहाँले एएफपीसँग कुरा गर्दै भन्नुभएको थियो, “म पाकिस्तानी जनतालाई सहयोग गर्न पाउँदा खुशी छु। मैले सहयोगका लागि समुदायमा जाँदा मास्क लगाउने र निसङ्क्रमित हुने आवश्यक सबै सावधानीलाई अपनाउने गरेको छु। यतिवेला विश्व मानवीय सहयोगका लागि कठिन अवस्था छ।” अफ्रिदीको स्वास्थ्य सुधारको कामना गर्दै प्रार्थनासहितका शुभकामना सामाजिक सञ्जालमा उच्च महत्वका साथ सम्प्रेषण भएका छन्।

# चीनको बेइजिङमा अकस्मात नयाँ कोरोना संक्रमित भेटिए

बेइजिङ, ३२ जेठ (रासस/पिटिआई)।

चीनमा कोरोनाभाइरसबाट सङ्क्रमितहरु फेरि एकाएक बढेका छन्। सरकारी अधिकारीहरुले आइतबार दिएको जानकारी अनुसार नयाँ ६६ जनामा कोरोनाभाइरसको सङ्क्रमण पुष्टि भएको हो। कोरोनाभाइरसको सङ्क्रमण नियन्त्रणमा आएको भनिएपनि अहिले पहिलो पटक एकै पटक धेरै जना सङ्क्रमित भेटिएका हुन्। राजधानी बेइजिङमा अहिलेसम्मकै धेरै सङ्क्रमित एकैपटक देखिएको उनीहरुको भनाई छ।

चीनको राष्ट्रिय स्वास्थ्य आयोगका अनुसार ५७ जना पूर्ण रुपमा सङ्क्रमित भएका छन् भने अरु नौ जना सङ्क्रमणको पुर्वअवस्थामा रहेका छन्। सङ्क्रमितमध्ये ३८ जना आन्तरिक रुपमा सरेर सङ्क्रमित भएको पाइएको आयोगका अधिकारीहरुले जानकारी दिएका छन्। उनीहरुले अरु १०३ जनालाई पनि शंकास्पद मानेर क्वारेन्टाइनमा राखिएको बताएका छन्। आन्तरिक रुपमा सरेर सङ्क्रमित ३८ जना मध्ये ३६ जना बेइजिङका रहेका छन् भने अरु दुई जना लिओनिङ प्रान्तका रहेका छन्। पछिल्ला केही दिनमा बेइजिङमा मात्रै ४६ जना सङ्क्रमित भेटिएका छन्। यसलाई सरकारी अधिकारीहरुले आश्चर्यजनक मानेका छन्।

# कोरोना रोकथाममा सरकार गम्भीर नभएको भन्दै प्रधानमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ।**

कोरोना भाईरस महामारी रोकथाम तथा नियन्त्रणमा ध्यान नदिई सरकार भ्रष्टाचारमा लिप्त रहेको भन्दै सप्तरीका विभिन्न संघ संस्था तथा राजनीतिक दल आवद्ध संगठनले आईतवार विरोध प्रदर्शन गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका छन्।

नेपाली कांग्रेसका युवा नेता मो. ईर्साद अंसारीको नेतृत्वमा सामाजिक दुरी कायम गर्दै गरिएको प्रदर्शन नगरपरिकमा पश्चात प्रमुख जिल्ला अधिकारी शंकर हरि आचार्य मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो।

काग्रेस समर्थित युवाहरुले क्वारेन्टाईन र आईसोलेसन व्यवस्थित गर, लकडाउन अवधिको कर र बैंकको ब्याज मिनाहा गर, गरिब मजदुर परिवारलाई राहतको व्यवस्था गर लगायतका नाराहरु लेखिएको प्लेकार्ड सहित प्रमुख जिल्ला अधिकारीको निवासमै पुगेर ज्ञापन पत्र बुझाएका छन्।

ज्ञापन पत्र बुझाएपछि संचारकर्मीहरु सित कुरा गर्दै कांग्रेसका युवा नेता मो. अंसारीले कोरोना भाईरस महामारी रोकथाम तथा नियन्त्रणमा ध्यान नदिई सरकार भ्रष्टाचारमा लिप्त रहेको तथा हावादारी कुरा बढी गर्ने गरेकाले खबरदारी गर्न विरोध प्रदर्शन र ज्ञापन पत्र पठाइएको बताए।

यता पिसिआर परिक्षण सुस्त गतिमा भएको, मापदण्ड विपरित क्वारेन्टाईन निर्माण गरी क्वारेन्टाईनमै संक्रमण बढाउने खतरा उत्पन्न भएको तथा दैनिक ज्याला मजदुरी गरेर जिविको पार्जन गर्ने श्रमिक बेरोजगार भई भोकभोकै बस्नु पर्ने अवस्था रहेको भन्दै स्थानियले अबिलम्ब यसको उचित व्यवस्थापन गर्नुपर्ने माग गरेका छन्।

# जग्गा विवादमा कुटपिट हुँदा देवर भाउजु घाइते



**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ।**

सप्तरीको महादेवा गाउँपालिकामा जग्गाको विषय लिएर विवाद हुदा कुटपिटमा दुई जना घाइते भएका छन्।

घाइतेहरुको गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ। महादेवा गाउँपालिका वडा नं. १ पकरी बस्ने कालीचरण यादव र उनकै भाउजु अरहुलीया देवी यादवलाइ छिमेकीले कुटपिट गर्दा घाइते भएका हुन्।

पीडित यादवका अनुसार घर अगाडी रहेको ऐलानी जग्गाको विषय लिएर विवाद बढ्दा महादेवा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत रामलखन यादव, उनका भाइ श्री प्रसाद यादव, इन्द्रदेव यादव, रामविलास यादव, भतिजा कृष्ण कुमार यादव र बुबा बेचन यादव लगायतले बासको भट्टाले कुटपिट गर्दा सख्त घाइते भएको जानकारी दिएका छन्।

पीडितका अनुसार दुइ दाजुभाइ घर अगाडी रहेको ऐलानी जग्गा सुख भोग गर्दै आएको भए पनि बिपक्षीहरुले उक्त जग्गामा घर बनाउन खोज्दा विवाद उत्पन्न भएको बताए। उनले विवादित जग्गाको बारेमा गाउँका भरभलादमी समेतले उक्त जग्गामा कसैले घर नबनाउने निर्णय भएको भए पनि बिपक्षीहरु मौका छोपी जबरजस्ती घर बनाउन लागेकोमा रोक्न लाग्दा बिपक्षीहरु बासको भट्टाले कुटपिट गर्दा घाइते भएको बताए।

सो घटनामा महादेवा गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत रामलखन यादव आफु संलग्न नरहेको दाबी गरेका छन्।

# करणी गरेर फरार रहेका मण्डल पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ।**

सप्तरीको बोदेबरसाईन वडा नं. १ की एक १५ वर्षिया यूवतीलाई जबरजस्तीकरणी गरेको आरोपमा प्रहरीले एक ३७ वर्षिय यूवकलाई पक्राउ गरेको छ।

बि.स. २०७६ असार १८ गते राती ती यूवतीलाई जिल्लाको तिलाठी कोईलाडी गाउपालिका वार्ड नं. ७ मा रहेको श्री लक्ष्मीवल्लभ नरसिंह माध्यमिक विद्यालयको कम्पाउण्डमा सोही गाउँपालिका वडा नं. ७ बस्ने शिव शंकर मण्डलले जबरजस्तीकरणी गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार सो वारदात पश्चात् मण्डल फरार रहेकोमा विशेष सुराकीको आधारमा मिति जेठ ३२ गते आइतबार प्रहरीले पक्राउ गरेको हो।

पक्राउ परेका मण्डललाई जिल्ला अदालत सप्तरीबाट म्याद थप गराई जिल्ला प्रहरी कार्यालय सप्तरीले थप अनुसन्धानका गरिरहेको जनाएको छ।

## राजविराज नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
राजविराज, सप्तरी
२ नं. प्रदेश

प.सं. ०७६/०७७
च.नं.

मदनकुमार थापा
प्रमुख प्रशासकिय अधिकृत

### गैरसरकारी संस्थाहरूलाई कार्यक्रम पेश गर्ने बारेको सूचना

यस नगरपालिकाको आगामी आ.ब. ०७७/७८ को लागि बजेट तथा कार्यक्रम बनाउने कार्य भइरहेको छ । गैरसरकारी संस्थाहरूले यस नगरपालिका क्षेत्र भित्र कुनै पनि योजना वा कार्यक्रम सञ्चालन गर्नु अघि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ को उपदफा २ को खण्ड (ख) बमोजिम आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट यस नगरपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउनु पर्ने भएको हुँदा आगामी आ.व.मा यस नगरपालिका क्षेत्र भित्र कार्यक्रम गर्न चाहने गैरसरकारी संस्थाहरूले आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट मिति २०७७/३/३ भित्र देहायको ढाँचामा तयार गरी Hard Copy & Soft Copy (On Excel Sheet) उपलब्ध गराइदिनुहुन इच्छुक सबै गैरसरकारी संस्थाहरूलाई जानकारी गराइन्छ । नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश नभएका काम कारबाहीहरू सोही ऐनको दफाको २५ को उपदफा ३ बमोजिम कार्यान्वयनमा रोक लगाउन सक्ने व्यहोरा पनि जानकारी गराइन्छ ।

गैरसरकारी संस्थाहरूले योजना वा कार्यक्रम पेश गर्ने फारामको ढाँचा

संस्थाको नामः- दर्ता नं-
ठेगानाः दर्ता मितिः-
सम्पर्क व्यक्तिः- सम्पर्क नं. इमेलः

| सि. नं. | कार्यक्रम परियोजनाको नाम | उद्देश्य | मुख्य क्रियाकलाप | कार्यक्रम कार्यान्वयन हुने स्थान | बजेट रू | खर्च व्यहोर्ने श्रोत (सहयोगी संस्था/दाता) | लाभान्वित | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वर्ग | संख्या | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नगर कार्यपालिका कार्यालय
राजविराज नगरपालिका









**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*